"पोषिलो खाना, शुद्ध पानी, साबुन पानीले हात धुने, चर्पी प्रयोग र फोहर ब्यबस्थापनको अपरिहार्यता, अमरगढी नगरपालिकाले गरेको छ सबै नागरिकलाई अनिबार्यता "

# पोषणमैत्रि अभियानको प्रगति तथा प्रभावहरुको

# दिगोपना कार्ययोजना




प्रस्तुतकर्ता

वडा नं १० को कार्यालय

अमरगढी नगरपालिका, डडेल्धुरा

सुदुरपश्चिम प्रदेश, नेपाल

# १ परिचय

अमरगढी नगरपालिका नेपालको तत्कालीन प्रशासनिक विभाजनअनुसार सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत डडेल्धुरा जिल्लामा र हाल सुदूरपश्चिम प्रदेशमा पर्दछ । वि.सं २०५३ साल माघ ११ गते देशभरका नयाँ घोषणा भएका १५ नगरपालिकाहरूसँगै घोषणा भएको नगरपालिकामध्ये अमरगढी नगरपालिका पनि एक हो । यस नगरपालिकामा साविकका डोटीघटाल, सहश्रलिङ्ग, खलङ्गा, उग्रतारा र भूमिराज गाविसको समायोजन गरिएको थियो । १३८.९५ वर्ग कि.मि.क्षेत्रफल रहेको यस अमरगढी नगरपालिकाको उत्तर पश्चिममा अजयमेरु,नवदुर्गा गाउँपालिका र बैतडी जिल्ला, पश्चिमतिर भागेश्वर गाउँपालिका, दक्षिणमा आलिताल गाउँपालिका र पूर्वमा गन्यापधुरा गाउँपालिका रहेका छन् । अमरगढी नगरपालिकाको अधिकतम औसत तापक्रम २९ डिग्री सेल्सियस र न्यूनतम औसत तापक्रम ०.३ डिग्री सेल्सियससम्म रहने गरेको छ । प्राकृतिक श्रोतको दृष्टिकोणले सम्भावनायुक्त, मानवीय श्रोतको दृष्टिकोणबाट नेतृत्व क्षमतायुक्त, राजनैतिक दल र सचेत एवं उत्प्रेरित नगरबासी यस नगरपालिकाको दीगो विकासका आधार स्तम्भका रूपमा रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजाति तथा धर्म सांस्कृतिका व्यक्तिहरूको बसोबास रहेको छ । नगरपालिकाको केही भाग ऐतिहासिक तथा बजार क्षेत्रको रूपमा रहेको नगरपालिकामा साना व्यापार, तथा साना उद्योगहरू प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन् । औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको वैकल्पिक श्रोतको रूपमा वैदेशिक रोजगारी पनि रहेको छ । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक कृषि प्रणालीको विकल्पमा समेत लागि रहेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम पनि रहेको छ । अधिकांश घरमा विद्युतीकरण भएको भए तापनि केही सीमान्तकृत तथा भौगोलिक विकटता रहेका क्षेत्रमा भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । नयाँ बर्ष, कृष्णजन्माष्टमी, गौरा, तीज, दशैं, तिहार, ठूलो एकादशी, मकर संक्रान्ती, होली, महाशिवरात्रि, चैते दशै, रामनवमी, बुद्धजयन्ती आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाइन्छ ।

अमरगढी नगरपालिका वडा नं.१० डडेल्धुरा सदरमुकाम देखि दक्षिण पूर्वमा अवस्थित छ । वडाको कुल क्षेत्रफल ५.११ बर्ग कि.मि.रहेको छ । जम्मा ३६३ घरधुरी र १२४२ जनसंख्या यस वडामा रहेको छ जस मध्ये ४६ प्रतिशत पुरुषहरू र ५४ प्रतिशत महिलाहरू रहेका छन । यस वडामा जम्मा ६ वटा गाउँहरू **१.**मल्लो बुडाली **२.** राँइ **३.** तल्लो बुडाली **४.** बिजोडा **५.**भँडार र **६.** भण्डारीगाउँ रहेका छन । जातिगत बसोबास हेर्दा ५२ प्रतिशत क्षेत्री, १६ प्रतिशत बाह्मण, ९ प्रतिशत कामी, ९ प्रतिशत सार्की, ५ प्रतिशत दमाई र ७ प्रतिशत अन्य दलित तथा २ प्रतिशत अन्य जात- जातिको बसोबास रहेको छ ।

१५देखि ४९ वर्ष सम्मका महिलाहरूको जनसंख्या ४१८ रहेको छ , ० देखि २३ महिना सम्मका बच्चाहरूको संख्या ४१, ० देखि ५ वर्ष सम्मका बालबालिको संख्या १००, १० देखि १९ वर्ष उमेर समूहका किसोरकिसोरिहरूको संख्या १९९ रहेको छ । अनुमानित गर्भवतिको संख्या २८ जना र अनुमानित जिवित जन्म २२ जना रहेको छ । सामाजिक परिवर्तनका विभिन्न अभियानका लागि सदैब अगुवाइ गर्ने अमरगढी नगरपालिका वडा नं १० मिति २०७१ भाद्र महिनामा खुला दिशामुक्त घोषणा, मिति २०७९ वैशाख ८ गते पूर्ण खोप सुनिश्चितता घोषणा भएको हो ।

## २) पृष्ठभुमि

नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका बिभिन्न समझदारी तथा प्रतिबद्धताहरू कार्यान्वयन गर्ने सन्दर्भमा वालवालिका, महिला तथा किशोरीहरूको पोषणको अबस्था सुधारको लागि गरेका सबै प्रतिबद्धताका साथै दिगो बिकास लक्ष्य र बिश्व स्वास्थ्य सभाले तोकेका स्वास्थ्य तथा पोषण सम्बन्धी लक्ष्य तथा सुचकहरू पुरा गर्न राज्य र राज्यका सबै निकाय र तहको दायित्व तथा जिम्मेवारी रहेको छ ।

अन्तराष्ट्रिय  रुपमा नै कुपोषणको समस्या निराकरण गर्ने कार्यलाई सामाजिक, आर्थिक तथा मानबीय बिकासका साथै दिगो बिकास लक्ष्य प्राप्त गर्ने आधारको रुपमा लिईएको छ । कुपोषणबाट सृजना हुने समस्याहरू गम्भीर, दुरगामी तथा अपुरणीय किसिमको हुने कुरा बिभिन्न अध्ययनले प्रष्ट पारेको छ । हामी सबैको प्रयत्नबाट मात्रै महिला, वालवालिका र किशोरीहरूमा हुने कुपोषणलाई उल्लेख्य रुपमा घटाउन सम्भव छ भन्ने कुरालाई मनन गर्दै यस अमरगढी नगरपालिकाले बहुपक्षीय प्रयत्न, अभियान र कार्यक्रम सञ्चालन गर्ने योजना गर्यो । पोषणको क्षेत्रमा भएका उपलब्धीहरूलाई दिगो बनाई थप प्रगति हासिल गर्न पर्याप्त स्रोत साधनको व्यबस्था सहित सम्बद्ध सबै तह, बिषयगत शाखा र बिभिन्न क्षेत्रहरूबाट थप प्रतिबद्धता सहित सहयोग, सहजीकरण र समन्वय  का लागि अमरगढी नगरापलिकाले कोसिस गर्यो । दिगो विकास लक्ष, नेपाल सरकारका राष्ट्रिय, अन्तराष्ट्रिय प्रतिबद्धता को पूर्णतामा योगदान दिन स्वास्थ्य र पोषण सुधारको अभियानलाई ब्यवस्थित र क्रमबद्ध रुपमा अगाडि बढाउने दीर्घकालिन सोच राख्दै, मिति २०७६ माघ २८ मा पालिकाको समग्र पोषण स्थिति सुधारका लागि अमरगढी नगरपालिकाले गरको २० बुदे प्रतिबद्धता समेत जारी गरेको छ र एकिकृत स्वास्थ्य तथा पोषण सम्बन्धी प्रतिवद्धताको मुल मन्त्र  "पोषिलो खाना, शुद्ध पानी, साबुन पानीले हात धुने, चर्पी प्रयोग र फोहर ब्यबस्थापनको अपरिहार्यता, अमरगढी नगरपालिकाले गरेको छ सबै नागरिकलाई अनिबार्यता " रहने कुरा समेत उल्लेख गरेको छ ।  अमरगढी नगरपालिकाले पोषणमैत्री अभियानलाई वडा नं.१० वाट सुरुवात गर्ने निर्णय गरे लगत्तै अभियानको संचालन घरधुरी स्तरमा भएको थियो । आजको मितिमा अमरगढी नगरपालिका वडा नं. १० लाई पोषणमैत्री वडा घोषणा गरिसकेपछि यो दिगोपना रणनैतिक योजना तयार पारिएको छ ।

## ३) पोषणमैत्री रणनैतिक योजनाको औचित्य

पोषणमैत्री स्थानीय शासन अबलम्बन अन्तरगत पोषणमैत्री वार्ड घोषणा कार्यान्वयनलाई दिगो र सोको निरन्तरताको लागि अमरगढी नगरपालिका वार्ड नं. १० राइले वार्षिक कार्ययोजना निमार्ण गरी सोको प्रभावकारी रुपामा कार्यान्वयन गर्दै जानेछ । घोषणाको निरन्तरता र पोषण सेवाको सुनिश्चितताको लागि सम्बन्धीत सरोकारवाला मार्फत प्रत्येक बर्ष पोषण मैत्री वार्ड घोषणा भएको वार्डको स्थलगत अनुगमन गरिनेछ । यस्तो अनुगमनबाट देखिएका सवल तथा कम्जोर पक्षहरुलाई ध्यानमा राखि आबश्यक कार्य सन्चालन गरिने छ । पोषणमैत्री वार्ड घोषणाका लागि वार्डले प्राप्त गरेका उपलब्धी र नतिजाहरुमा कमी आएमा सम्बन्धीत सरोकारवाला निकायहरुले आबश्यक समन्वय, सहजीकरण र मार्गनिर्देश गर्न सक्नेछ भने वडा कार्यालय र वार्ड स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले थप रणनीतिका साथ कार्य सन्चालन गर्ने छ ।

यो योजनाको मुख्य उद्देश्य वडाले घोषणका अबस्थामा हासिल गरेका क्षेत्रगत सुचकहरु र सो उपलब्धीहरुलाई दिगो बनाई राख्न र सोको संस्थागत गर्नका साथै थप उपलब्धीहरु हासिल गरी पोषण युक्त समाज निमार्णमा गर्ने नै हो । यस्का साथै पोषण मैत्री स्थानीय शासन अबलम्बन गर्दा भएका सिकाईहरुको आदान प्रदान गरी सबै क्षेत्रगतरुपमा सुधार गरी स्वास्थ र सुखी समुदायको अबधारणालाई मुर्तरुप दिनु नै हो ।

**सबल पक्ष :**

पोषण मैत्री स्थानीय शासन अबलम्बन अन्तगत पोषण मैत्री वडा घोषणाको सुनिश्चितता, निरन्तरता र दिगोपनाको लागि यस वार्डमा निम्न सवल पक्ष रहेका छन:

- वडाका जनप्रतिनिधिहरु जिम्मेवार हुनुको साथै वडाबाट पोषण र स्वास्थ्य क्षेत्रका सुधारका लागि प्रतिबद्ध रहेको ।
- नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना यस वडामा कार्यान्वयन भै रहेको र बिषयगत शाखाहरुबाट बार्षिकरुपमा क्षेत्रगत क्रियाकलापहरु कार्यान्वियन भएको ।
- वडालाई प्राप्त हुने बजेटलाई पोषण र स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकतामा राखि बिनियोजन गरेको ।
- पोषण सुधारको लागि बिभिन्न सहयोगी निकायहरु र उनीहरु संग निरन्तर सम्पर्क र समन्वय कायम भएको ।
- घरपरिवार देखि नै पोषण र स्वास्थ्य सुधारको लागि प्रतिबद्ध दक्ष, अनुभवी स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वंय सेबिका, आमा समुहहरु क्रियाशिल रहेको ।
- मिलेको बस्ती र शिक्षित समुदाय रहेको ।
- अन्य सरोकारवाला, समुदाय र राजनीतिक दलका प्रतिनिधिहरुबाट निरन्तर सहयोग र सर्मथन प्राप्त भैरहेको

**चुनौतिहरुः**

- सिमित स्रोत र साधन ।
- कामको खोजीको शिलशिलामा भारत लगायत अन्य देशमा जाने क्रम बढ्दो ।
- सिचाईको अभाव र परिर्बतित जलबायु

## ४) पोषणमैत्री सुचकहरुको हालको अवस्था

यस अमरगढी नगरपालिका वार्ड १० ले संचालन गरेको पोषणमैत्री अभियान पछि सबै विषयगत क्षेत्रमा उलेख्य प्रगति प्राप्त गरियो । फलस्वरुप यस वडालाई पूर्णपोषणमैत्री स्थानीय शासन अबलम्बन गरेको वडा घोषणासम्म पुर्याउन सफल भईयो । स्वास्थ्य क्षेत्रमा हेर्दा महत्वपूर्ण सूचकका रुपमा रहेका गर्भ जाँच, सुत्केरी जाँच, प्रोटोकल अनुसार आईरन तथा फेलिक एसिड चक्कि खाने, स्वास्थ्य संस्थामा सुत्केरी गराउने, तालिम प्राप्त स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने जस्ता सेवाहरूमा उल्लेख्य प्रगति रहेको । २४ महिना भित्रका बालबालिकाहरूको बृद्धि अनुगमनमा नियमिमता आएको छ । पूर्णखोपको सुनिश्चितता गरिएको छ र आमा तथा बालबालिकाको खानामा विविधिकरण यूक्त खानपानको ब्यबहारमा सुधार भएको छ । आमा समूहका सदस्य तथा सुनौला १००० दिनका आमाहरू नियमित आमा समूहका जाने कुरामा उल्लेख्य सुधार भएको छ । विद्यालयहरूबाट अभिभावकहरूलाई शिक्षा दिने कुराका लागि विद्यालयमा हुने नियमित अतिरिक्त क्रियाकलापहरूमा पोषणका विषयबस्तु छलफल गर्ने, विद्यालयमा जंक फुड निषेधित गरिएको तथा आधारभूत तहका विद्यालयमा अध्ययनरत बालबालिकाहरूका अभिभावकहरूले घरमै निर्मित खाजा दिई पठाउने जस्ता ब्यबहारको सुरुवात भएको छ । विद्यालयमा अध्ययनरत किशोरिहरूलाई नियमित आईरनको सेवनमा प्रभावकारिता, विद्यालयमा शुद्ध खानेपानीको सुनिश्चितता जस्ता महत्वपूर्ण उपलब्धिहरू शिक्षा क्षेत्रमा भएका छन् । खानेपानी तथा सरसफाइको क्षेत्रमा उल्लेख्य प्रगति भएके छ । शतप्रतिशत घरधुरीमा शुद्ध खानेपानीका लागि फिल्टरको उपलब्धता तथा नियमित प्रयोग भएको छ । नियमित हातधुने बानी विकासका लागि र भान्सामा प्रयोग हुने भाँडाहरूको सरसफाइका लागि च्याङ जुठ्यान तथा टुटी भएका बाल्टिनहरूको ब्यबस्थापन शतप्रतिशत घरधुरिमा भएको छ । विद्यालय तथा स्वास्थ्य चौकीमा वास कर्नर स्थापना गर्ने कार्य सम्पन्न भएको छ । अधिकांस घरधुरीमा फोहर फाल्ने खाल्डोको निर्माण तथा पशुमलमुत्रको समेत ब्यबस्थापन गरी वातावरणीय सरसफाइमा सुधार भएको छ । विभिन्न किसिमका तरकारीहरूको उपलब्धताका लागि एकघर एक करेसाबारी अभियानको उपलब्धि स्वरुप शतप्रतिशत सुनौला १००० दिनका आमा भएका घरमा करेसाबारी स्थापना, पशुपन्छी जन्य खानाको उपभोगमा बृद्धि भएको छ । वडालाई पोषणमैत्री स्थानीय शासन घोषणाको अवस्थामा पुग्दा स्थानीय सुशासनको अभ्यासको सुरुवात भएको छ जस्मा बालअनुदान प्राप्त गर्ने बालबालिकाले पाए/नपाएको सुनिश्चितताको अभ्यासको सुरुवात, बस्ती स्तरबाटै योजना तर्जुमा प्रक्रिया गर्ने प्रणालीको विकास भएको छ । वडा कार्यालयमा पोषण कर्नर स्थापना, स्तनपान कक्ष निर्माण, योजना गरिएका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन गर्ने अभ्यास जस्ता उल्लेखनिय सुशासन तथा पोषणमैत्री कार्य सम्पन्न भएका छन् ।

पोषणमैत्री वडा निर्माण अभियानको संचालन पश्चात हासिल भएका उपलब्धिहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं | सूचकहरू | **इकाइ** | घोषणाको लागि लक्ष | बर्तमान अबस्था २०७९ फाल्गुन २० गते | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|
| १ | बिषयगत क्षेत्र : स्वास्थ्य | | | | |
| १.१ | गर्भवती महिलाको कम्तिमा ४ पटक(गर्भवति भएको ४,६,८ र ९ महिनामा) पुर्व प्रसुति जाँच गरिएको | प्रतिशत | >९५ % | १००% | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.२ | सुत्केरी भएपछि  कम्तिमा ३ पटक ( सुत्केरी भएको ठिक २४ घण्टा, ७२ घण्टा र ७ दिनमा) सुत्केरी महिला र शिशुको उत्तर प्रसुति जाच गरिएको | प्रतिशत | >९५ % | १००% | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.३ | गर्भवती महिलाले  पूर्ण  मात्रामा ( पहिलो पटक गर्भवति हुदा २ पटक र दोस्रो पटक गर्भवति हुदा १ पटक) टिडि खोप पाएको | प्रतिशत | >९५ % | १००% | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.४ | गर्भवति महिलाले गर्भवति भएको चौथो महिनादेखि १८० दिनसम्म र सुत्केरी भएपश्चात ४५ दिनसम्म दिनको एक चक्किका दरले आइरन तथा फोलिक एसिड चक्कि खाएको | प्रतिशत | >९५ % | १००% | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.५ | स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको संख्या | प्रतिशत | >९५ % | १००% | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.६ | घरमै सुत्केरी गराउने | प्रतिशत | 0 % | 0 % | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.७ | तालिम प्राप्त स्वास्थ्यकर्मी (Skilled Birth Attendance) बाट सुत्केरी गराएको | प्रतिशत | >९५ % | १००% | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.८ | ६ महिनादेखी ५९ महिनाका बालबालिकाले भिटामिन ए पाएको | प्रतिशत | >९५ % | १००% | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.९ | १२ महिनादेखी ५९ महिनाका बालबालिकाले जुकाको औषधि पाएको | प्रतिशत | >९५ % | १००% | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.१० | विद्यालय बाहिर रहेका १० देखि १९ वर्षका किसोरीहरूले आइरन चक्कि सेवन गरेको | प्रतिशत | >९५ % | १००% | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.११ | २४ महिनासम्मका बालकालिकाहरुले नियमित बृद्धि अनुगमन गरेको (जन्मिएको पहिलो महिना देखिनै हरेक महिनामा एक पटक गरि २४ पटक) | प्रतिशत | >९५ % | ९५.४ % | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.१२ | शिशु जन्मे देखि ६ महिनासम्म पूर्ण स्तनपान गराएको | प्रतिशत | >९० % | ९० % | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.१३ | बच्चा ६ महिना भएपछि स्तनपानका साथै सहि समयमा थप खानाको सुरुवात गरेको (मातृशिशु तथा बाल्यकालीन पोषणको मापदण्ड अनुसार) | प्रतिशत | >९० % | ९० % | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |

| क्र.सं | सूचकहरू | **इकाइ** | घोषणाको लागि लक्ष | बर्तमान अबस्था २०७९ फाल्गुन २० गते | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|
| १.१४ | २ वर्ष मुनिका बालबालिकामा कम तौल भएकाहरू | प्रतिशत | <५ % | ४.५ % | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.१५ | मध्यम शिघ्र कुपोषण(MAM case) पहिचान भएकाहरूमध्ये पोषण परामर्श दिइएको | प्रतिशत | १००% | १००% | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.१६ | कडा शिघ्र कुपोषण (SAM Case) पहिचान भएकाहरूमध्ये उपचार पाउने | प्रतिशत | १०० % | १००% | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.१७ | कम तौलका जन्मिएका शिशु | प्रतिशत | <५ % | ०% | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.१८ | आयोडिनयूक्त नुन खाने घरधुरी | प्रतिशत | १००% | १००% | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन २० |
| १.१९ | पूर्ण खोपयूक्त स्थानीय तह (१२ देखि २३ महिनाको बालबालिकाले पूर्ण खोप पाएको हुने) घोषणा भएको भएको | भएको नभएको | भएको | भएको | घोषणा भएको प्रमाणपत्र |
| १.२० | बालबालिकाहरूलाई झाडापाखाला लागेको बेला तोकिएको मात्रा पुरा गरी जिंक चक्कि र पुनर्जलिय झोल खुवाउने गरेको | प्रतिशत | १००% | १००% | एच.एम.आई.एस. प्रतिबेदन २०७८/७९ |
| १.२१ | हरेक स्वास्थ्य संस्था पोषणमैत्री घोषणा भएको | भएको नभएको | भएको | भएको | घोषणा सभाको निर्णय |
| १.२२ | हरेक स्थानीय तहमा कम्तिमा ओटिसि /आइटिसि/एनआरएच भएका | वटा | १ वटा | ओ.टि.सि.को रुपमा स्थापना भई संचालनमा रहेको | स्थापनका लागि अमरगढी |
| २ | बिषयगत क्षेत्र : शिक्षा | | | | |
| २.१ | विद्यालयभित्र रहेका १० देखि १९ वर्षका किसोरीहरूले आइरन चक्कि सेवन गरेको | प्रतिशत | १०० % | १०० % | विद्यालयको अभिलेख |
| २.२ | कक्षा १ देखि १० सम्मका विद्यार्थिहरूले अर्धवार्षिक रुपमा जुकाको औषधि खाने गरेको | प्रतिशत | >८०% | ८३% | शिक्षा शाखा प्रतिबेदन |
| २.३ | माध्यमिक तहका विद्यालयले बालबिबाह, छाउपडि जस्ता सामाजिक कुप्रथा बिरुद्धको अभियान, सडकनाटक, वादबिबाद, हाजिरिजवाफ मध्ये कुनै पोषण संबेदनशिल अतिरिक्त क्रियाकलाप संचालन गरेका विद्यालय | प्रतिशत | १०० % | १०० % | कार्यक्रम उपस्थिति तथा निर्णय |
| २.४ | सबै बालबालिकाको लागि न्युनतम पुर्वाधारयुक्त प्रारम्भिक बालबिकास संचालन भएको | प्रतिशत | १०० % | १०० % | विद्यालयको अभिलेख |
| २.५ | प्रारम्भिक बालबिकासमा तालिम प्राप्त सहजकर्ताहरू | प्रतिशत | १०० % | १०० % | विद्यालयको अभिलेख |
| २.६ | आधारभुत विद्यालयको शिक्षा पुरा गर्ने बालबालिकाहरूको प्रतिशत | प्रतिशत | १०० % | १०० % | विद्यालयको अभिलेख |
| २.७ | विद्यालयको स्थानीय पाठ्यक्रममा पोषणका विषयबस्तु समाबेश गरेका विद्यालय | प्रतिशत | >८०% | १०० % | विद्यालयको अभिलेख |

| क्र.सं | सूचकहरू | **इकाइ** | घोषणाको लागि लक्ष | बर्तमान अबस्था २०७९ फाल्गुन २० गते | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|
| २.८ | ५ वर्ष देखि १४ वर्ष उमेर समुहका विद्यालय बाहिर रहेका बालबालिका | प्रतिशत | <१ % | ० % | विद्यालयको अभिलेख |
| २.९ | दिवा खाजा ब्यबस्था भएका बाल विकास केन्द्र | प्रतिशत | १०० % | १०० % | विद्यालयको अभिलेख |
| २.१० | विद्यालय ब्यबस्थापन समिति र शिक्षक अभिभावक संघको बैठकमा कम्तिमा वर्षको एक पटक पोषण सम्बन्धि विषयबस्तु छलफल भई निर्णय भएको | प्रतिशत | १०० % | १०० % | विद्यालयको अभिलेख |
| २.११ | विद्यालयहरूले वार्षिक रुपमा कम्तिमा एउटा अभिभावक शिक्षा कार्यक्रम संचालन गरेको (पोषणयूक्त खानाको बारेमा विद्यालयले अभिभावक शिक्षा संचालन गरेको) | प्रतिशत | ९० % | १०० % | शिक्षा शाखा प्रतिबेदन |
| २.१२ | विद्यालयहरूमा पोषण सम्बन्धि संदेशमुलक सुचना संप्रेषण गरेको | प्रतिशत | १०० % | १०० % | प्रत्यक्ष अवलोकन |
| **३** | **बिषयगत क्षेत्र : महिला तथा बालबालिका** | | | | |
| ३.१ | लैङ्गिक हिंसाका घटना दर्ता भएको संख्या (न्यायिक समिति, प्रहरि, एकद्धार संकट ब्यबस्थापन केन्द्रमा दर्ता भएको) | संख्या | <१० | ० | न्यायिक समितिको प्रतिबेदन |
| ३.२ | छाउपडि हुँदा छुट्टै छाउगोठमा राख्ने घरधुरी | प्रतिशत | ० % | नभएको | प्रत्यक्ष अवलोकन |
| ३.३ | कमलरी राख्ने घरधुरी | प्रतिशत | ० % | नभएको | प्रत्यक्ष अवलोकन |
| ३.४ | बालबिबाह अन्त्य भएको (प्रहरी प्रतिबेदन, वडा कार्यालय, न्यायिक समिति) | भएको नभएको | भएको | भएको | वडा समिति प्रतिबेदन |
| ३.५ | सुनौलाहजार दिनका घरपरिवारका सदश्यहरू(जस्तै सासुबुहारी, श्रीमान श्रीमती) बिच पोषण ब्यबहार सम्बन्धि सबै वडामा अनुशिक्षण भएको | भएको नभएको | भएको | भएको | तालिमको उपस्थिति तथा प्रतिबेदन |
| ३.६ | विद्यालय बाहिरका किशोर किशोरिहरूले पोषण र प्रजनन स्वास्थ्य सम्बन्धि अनुशिक्षण हरेक वडामा संचालन भएको। | भएको नभएको | भएको | भएको | तालिमको उपस्थिति तथा प्रतिबेदन |
| ३.७ | सडकमा आश्रीत बालबालिका नभएको | भएको नभएको | नभएको | नभएको | महिला तथा बालबालिका |
| ३.८ | कानुन बिपरित श्रममा संलग्न बालबालिका नभएको | भएको नभएको | नभएको | नभएको | महिला तथा बालबालिका |
| ३.९ | हरेक स्थानीय तह र सबै वडा तहमा बालसंजाल गठन भएको | भएको नभएको | भएको | भएको | महिला तथा बालबालिका |
| **४** | **बिषयगत क्षेत्रः खानेपानी तथा सरसफाई** | | | | |
| ४.१ | आधारभुत तहको खानेपानीको सुबिधा भएको घरधुरी | प्रतिशत | १०० % | १०० % | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन २० |
| ४.२ | ब्यवस्थित तथा सफा शौचालय भएको घरधुरी | प्रतिशत | १०० % | १०० % | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन २० |

| क्र.सं | सूचकहरू | **इकाइ** | घोषणाको लागि लक्ष | बर्तमान अबस्था २०७९ फाल्गुन २० गते | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|
| ४.३ | घरपरिवारमा मुख्य ५ जोखिमपूर्ण समय(चर्पि गएपछि, वालवालिकाको दिशा धोएपछि, फोहर चलाएपछि, खाना खानु अघी, वालवालिकालाई खुवाउनु अघि र खाना पकाउनु अघि) साबुनपानीले हात धुने परिपाटिको विकास भएको। | प्रतिशत | १०० % | १००% | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन २० |
| ४.४ | खानेपानीको गुणस्तर परिक्षण भएको (प्रत्येक ६/६ महिनामा र प्रकोपको घटना घटेको भए सो पछि तत्काल) | प्रतिशत | १०० % | १०० % | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन २० |
| ४.५ | घरायसि खानेपानी पिउन योग्य भए नभएको परिक्षण गरेको | प्रतिशत | १०० % | १००% | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन २० |
| ४.६ | विद्यालय तथा स्वास्थ्य संस्थामा सरसफाइ गर्ने स्थान (वास कर्नर) स्थापना गरिएको | प्रतिशत | १०० % | १०० % | प्रत्यक्ष अवलोकन |
| ४.७ | घरबाट निस्कने फोहर पानीको उचित ब्यबस्थापन गर्ने घरपरिवार संख्या | प्रतिशत | १०० % | १०० % | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन २० |
| ४.८ | खुल्ला दिशामुक्त स्थानीय तह / वडा भएको | प्रतिशत | १०० % | १०० % | प्रमाण पत्र |
| **५** | **बिषयगत क्षेत्रः कृषि बिकास** | | | | |
| ५.१ | करेसाबारी स्थापना भएको घरपरिवार (जमिन नभएका परिवारको लागि स्थानीय बजारमा नियमित रुपमा ताजा तरकारी उपलब्ध हुने अवस्था रहेको हुनुपर्ने) | प्रतिशत | >८०% | ९३ % | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन २० |
| ५.२ | प्रयाप्त पौष्टिक तत्व भएको अन्न, सागसब्जि, गेडागुडी फलफुल तथा माछामासु लगायतका खानाको उपभोग सुनिश्चितता भएको | प्रतिशत | >८०% | ९८% | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन २० |
| ५.३ | स्थानीय स्तरमा पाइने रैथाने बाली प्रबद्र्धन सम्बन्धि सचेतनारकार्यक्रममा सहभागि घरपरिवार | प्रतिशत | >८०% | ८२.३% | तालिमको उपस्थिति |
| ५.४ | प्रत्येक वडामा नमुना जैविक तरकारि फार्म भएको (जमिन नभएका वडामा उपभोगको सुनिश्तिता भएको हुनुपर्ने) | भएको नभएको | भएको | भएको | फर्म भएको प्रमाणपत्र |
| ५.५ | जैविक बिषादी र प्राङ्गारिक मल प्रयोग गर्ने कृषक घरपरिवार | प्रतिशत | >८०% | ८२.३% | तालिमको उपस्थिति |
| ५.६ | खाद्य स्वच्छता र गुणस्तरको अनुगमन भएको | पटक | ३ पटक | ३ पटक | अनुगमन प्रतिबेदन |
| ५.७ | बजारमा तरकारी तथा फलफुलको उपलब्धता र उपयोग गर्ने घरधुरी | प्रतिशत | १०० % | १०० % | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन २० |
| **६** | **बिषयगत क्षेत्रः पशुपन्छि विकास** | | | | |
| ६.१ | ब्यवस्थित पशुपंक्षि पालन गर्ने कृषक घरपरिवार (उपभोगको सुनिश्चतता) | प्रतिशत | >८०% | १०० % | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन २० |
| ६.२ | दूधजन्य पदार्थहरू(दुध,दहि,पनिर,चिज), अण्डा र मासुजन्य(माछा,मासु,पन्छि) पदार्थ नियमित उपभोग गर्ने घरपरिवार | प्रतिशत | >९५ % | ९८% | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन २० |

| क्र.सं | सूचकहरू | **इकाइ** | घोषणाको लागि लक्ष | बर्तमान अबस्था २०७९ फाल्गुन २० गते | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|
| ६.३ | दुध ९१ लिटर, मासु १४ के.जि. र अण्डा १५० वटा प्रति ब्यक्ति वार्षिक उपलब्धता | प्रतिशत | >९५ % | १०० % | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन |
| **७** | **बिषयगत क्षेत्रः शाशकिय प्रबन्ध** | | | | |
| ७.१ | स्थानीय तहको वार्षिक योजना तर्जुमा पुर्व र कार्यक्रमको समिक्षाको समय पूर्व कम्तिमा १/१ पटक पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक बसेको(स्थानीय तह) | वटा | १०० % | १०० % | निर्णयहरु |
| ७.२ | वडास्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति क्रियाशिलता | वटा चौमासिक | >४ | ५ | निर्णयहरु |
| ७.३ | स्थानीय तहको दीर्घकालीन, आवधिक तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसारका कार्यक्रम समाबेश भएको | भएको नभएको | भएको | भएको | वडा भेला निर्णय |
| ७.४ | स्थानीय तहको सभाबाट पोषण सम्बन्धि नीति तथा कार्यक्रम पारित भएको | भएको नभएको | भएको | भएको | वडा भेला निर्णय |
| ७.५ | स्थानीय तह र वडाको बजेटबाट (बित्तिय समानीकरण अनुदान र आन्तरिक श्रोत) पोषण कार्यक्रमका लागि बजेट छुट्टाइएको | छ /छैन | छ | छ | वडा भेला निर्णय |
| ७.६ | स्थानीय तहमा कार्यरत कर्मचारिहरूको लागि पोषण सम्बन्धि क्षमता अभिबृद्धि भएको | भएको नभएको | भएको | भएको | तालिमको उपस्थिति |
| ७.७ | स्थानीय तहको पोषण पास्वचित्र तयार र अद्याबधिक | भएको नभएको | भएको | भएको | प्रोफाइल बुक |
| ७.८ | स्थानीय तहमा पोषण कर्नर स्थापना | भएको नभएको | भएको | भएको | प्रत्यक्ष अवलोकन |
| ७.९ | स्थानीय तहको कार्यालयमा छुट्टै स्तनपान कक्षको ब्यबस्था | भएको नभएको | भएको | भएको | प्रत्यक्ष अवलोकन |
| ७.१० | परम्परागत खाद्यबस्तुमा आधारित पोषणयुक्त आहारको तयारी र सुचना स्थानीय रेडियो तथा होर्डिङबोर्ड जस्ता कुनै एउटा विधि मार्फत सम्प्रेषण भएको | वार्षिक पटक | >५ | १२ | प्रत्यक्ष अवलोकन |
| ७.११ | स्थानीय विपद ब्यबस्थापन योजनामा विपदको समयमा गरिने पोषण केन्द्रित सवाल समावेश भएको | भएको नभएको | भएको | भएको | योजना बुक |
| ७.१२ | महामारी तथा विपदको समयको लागी गाउँपालिका तथा नगरपालिका वा रेडक्रस जस्ता सामाजिक संघ संस्थामा खाद्यान्न, भाँडाकुँडा तथा लत्ताकपडा, उपचारको लागि औषधि र उपकरणको मौज्दात राख्ने ब्यबस्था | भएको नभएको | भएको | भएको | स्टोर बुक |
| ७.१३ | घरभित्रको धुँवामुक्त भएको घरपरिवार | प्रतिशत | १०० % | १०० % | सर्बेक्षण प्रतिबेदन २०७९ फाल्गुन २० |
| ७.१४ | स्वास्थ्य, कृषि, पशुसेवासंग सम्बन्धित प्राविधिकहरूको सेवा उपलब्धता | प्रतिशत | १०० % | १०० % | वडा तथा नगरपालिकाको अभिलेख |

| क्र.सं | सूचकहरू | इकाइ | घोषणाको लागि लक्ष | बर्तमान अबस्था २०७९ फाल्गुन २० गते | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|
| ७.१५ | बाल पोषण भत्ता बितरणको समयमा अभिभावकलाई बाल पोषण भत्ताको उपयोग सम्बन्धि अभिमुखिकरण भएको | प्रतिशत | १०० % | १०० % | अभिमुखिकरणको निर्णय |

## ५) पोषणमैत्री स्थानीय शासन दिगोपनाका कार्यहरू

पोषणमैत्री स्थानीय शासन अवलम्बन गरेको वडा घोषणासंगै हाँसिल गरिएका उपलब्धिहरूलाई संस्थागत गर्दै दिगो राख्नु पर्ने अपरिहार्यता हुन्छ। यो कुरालाई मध्यनजर गर्दै अमरगढी नगरपालिका वडा नं. १० ले दिगोपनका लागि विशेष कार्य योजना निमार्ण गरी सोको प्रभावकारी रुपमा कार्यान्वयन गर्दै जानेछ। दिगोपना र निरन्तरताका लागि तपशिलका कार्यहरू गरिनेछन्।

- ✓ अमरगढी नगरपालिकाले लिएको 'पोषिलो खाना, शुद्ध पानी, साबुन पानीले हात धुने, चर्पी प्रयोग र फोहर ब्यबस्थापनको अपरिहार्यता र अनिबार्यता' को नारा र २० बुँदे प्रतिबद्धतामा भएका सम्पूर्ण कुराहरूको अक्षरसः पालना गर्ने ।
- ✓ वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नियमिति बैठकको आयोजना र निरन्तरता।
- ✓ वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको टोल तथा घरधुरी स्तरमा नियमित अनुगमन।
- ✓ स्थानीय तहको योजना तर्जुमा प्रकृयाबाटै पोषणमैत्री स्थानीय शासन अबलम्बन दिगोपनाका लागि आवश्यक क्रियाकलापहरूलाई विशेष प्राथमिकता साथ योजना गरिनेछ।
- ✓ वडा सभाबाट पोषणमैत्री दिगोपनाका लागि आवश्यक नितिहरू निर्माण गर्ने र सो अनुसार बजेट तर्जुमा गर्ने, स्पष्ट कार्ययोजना बनाइ कार्यान्वयन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ र सो अनुसार अमरगढी नगरपालिकालाई पनि अनुरोध गरिनेछ।
- ✓ पोषणको क्षेत्रमा कार्यरत बिभिन्न संघ संस्थाहरूसंग समन्वय र परिचालन गरिनेछ।

- ✓ नीति निमार्ण, योजना तर्जुमा र कार्यक्रम सञ्चालन गर्दा सुनौला हजार दिनका आमा र बालबालिकाहरूको सर्वोत्तम हितलाई ध्यानमा राख्ने ।
- ✓ स्थानीय स्तरको उत्पादनलाई प्रर्बद्धन गर्दै वार्ड कार्यालयले सन्चालन गर्ने तालिम, गोष्ठी र सभामा जंक फुड निषेधित गर्ने ।
- ✓ वार्ड कार्यालयमा सेवा लिन आउने सुनौलाहजार दिनका आमाहरूलाई प्राथमिकता दिई सेवा प्रदान गर्ने ।
- ✓ छाउपडी, बालबिबाहलाई सामाजिक अपराधको रुपमा स्वीकार गरी सो अन्त्यका लागि विशेष पहल गर्ने ।
- ✓ पोषण सम्बन्धी बिभिन्न अभियान, बहस र संचार क्षेत्र परिचालन गर्ने ।
- ✓ बच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्तालाई प्रभावकारी बनाउने ।
- ✓ बाल नगद अनुदानलाई प्रभावकारी बनाउने र बालबालिकाको पोषणमा मात्र खर्च गर्न सुनिश्चित गर्ने ।
- ✓ स्वास्थ्य संस्थाबाट पोषणमैत्री सेवा दिनका लागि क्षमता विकास गर्दै लगिनेछ ।
- ✓ विबिधिकृत खानाको सुनिश्चितताको लागि करेसाबारी प्रबर्द्धन तथा पशुपन्छिपालनसंग सम्बन्धित क्रियाकलापहरू लाई प्राथमिकताका साथ संचालन गरिनेछ ।
- ✓ बिद्यालयको अतिरिक्त क्रियाकलापहरूमा पोषणका बिषयबस्तु समाबेश गरी नियमित क्रियाकलापहरू संचालन गर्ने ।
- ✓ बिद्यालयमा पोषण कर्नर र हात धुने स्थानको नियमित अनुगमन तथा थप प्रबाकारी बनाउँदै लैजाने ।
- ✓ बिद्यालयमा अध्यनरत १० देखि १९ बर्षका सबै किशोरीहरूलाई आईरन चक्की बितरण कार्यलाई प्रभावकारी बनाउँदै लैजाने ।
- ✓ बिद्यालयमा जङ्क फुड निषेधित गर्ने र घरमा तयार भएको खाजालाई प्राथमिकता दिने कार्यलाई प्रभावकारी बनाउँदै लैजाने ।
- ✓ बिद्यालयमा नमुना करेसाबारीको निमार्ण गरी प्रर्दशनी गर्ने ।
- ✓ स्थानीय स्तरमा उपलब्ध खाद्यान्नको प्रचार प्रसार गर्ने र हरेक बार खाना चारका बारेमा सचेतना अभिबृद्धि गर्ने ।
- ✓ बिद्यालयमा व्यवस्थित शौचालयको प्रबन्ध गरी किशोरीहरूलाई सेनेटरी प्याड निमार्ण, प्रयोग र व्यबस्थापनका लागि सहयोग गर्ने ।

- ✓ घरधुरी स्तरमा शुद्ध खानेपानी, सफा शौचालय तथा समुचित प्रयोग, धुँवारहित भान्सा संग सम्बन्धित ब्यबहार परिवर्तनको नियमित रुपमा सुनिश्चितता गर्ने ।
- ✓ वार्षिक रुपमा प्रगतिको प्रतिबेदन प्रकासन गर्ने तथा सार्बजनिकीकरण गर्ने ।

## ८) अनुसूचिहरू

अनुसूचि १  पोषणमैत्री सुचकहरुको अन्तिम प्रमाणिकरणका लागि गरिएको अनुगमन प्रतिबेदन

"पोषिलो खाना, शुद्ध पानी, साबुन पानीले हात धुने, चर्पी प्रयोग र फोहर व्यबस्थापनको अपरिहार्यता, अमरगढी नगरपालिकाले गरेको छ सबै नागरिकलाई अनिवार्यता "

पोषणमैत्री स्थानीय शासन वडा घोषणा अभियान

२०७९ फाल्गुन २५ गते

**सूचक प्रमाणिकरणका लागि पालिका स्तरीय तथा जिल्ला स्थित बिज्ञहरुबाट गरिएको अनुगमन प्रतिबेदन सिफारिस**

आज मिति २०७९ फाल्गुन २५ गतेका दिन यस अमरगढी नगरपालिका वडा नं।१० मा पोषणमैत्री स्थानिय शासन आवलम्बन गरेको वडा घोषणाका लागि सबै सूचकाहरु पुरा भए नभएको सन्दर्भमा अनुगमन पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारिहरु, जिल्ला स्थित सरोकारवाला कार्यालय प्रमुख तथा विज्ञहरु र विकास साझेदार, गै.स.स. महासंघ तथा पत्रकार महासंघ लगायतका प्रतिनिहरुको सहभागितामा संयुक्त अनुगमन सम्पन्न भयो।

| क्र.सं | नाम | संस्था | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | गगन भण्डारी | जि.सं.स. | प्रमुख | |
| २. | विश्वराज न्यौपाने | जि.प्र.का. | प्र.जि.अ | |
| ३. | डिल्ली राज जोशी | अमरगढी न.पा. | नगर प्रमुख | |
| ४. | पार्वती कुँकाल | अमरगढी न.पा. | नगर उप-प्रमुख | |
| ५. | मनोहर प्रसाद भट्ट | जि.प्र.का. | प्र.प्रा.अ. | |
| ६. | लक्ष्मी प्रसाद उपाध्याय | प्र.प्र.अ. | प्र.प्र.अ. | |
| ७. | रामचन्द्र भट्ट | प्रमुख कृषि ज्ञान केन्द्र | प्रमुख | |
| ८. | हेम राज भट्ट | वडा अध्यक्ष वडा नं. १० | वडा अध्यक्ष | |
| ९. | प्रकाश थापा | भेटनरी अस्पताल | | |
| १०. | कृष्ण राज ओझा | जिल्ला स्वास्थ्य कार्यालय | का.प्र. अ. | |
| ११. | ज्योतिन्द्र दवाडी | प्र.नि.तथा सं. अ. | प्रदेश समन्वयक HSNP | |
| १२. | भरत गैराल | गै.स.स. महासंघ उपाध्यक्ष | उपाध्यक्ष | |
| १३ | धर्म सिंह ऐर | वरिष्ठ कार्यक्रम [illegible] | | |
| १४ | लक्ष्मीराज भट्ट | [illegible] | | |

| क्र.सं | नाम | संस्था | पद | हस्ताक्षर |
| --- | --- | --- | --- | --- |
| १५ | कृष्ण पाण्डे | कान्तिपुर TV | उपत्यकाकृ | [illegible] |
| १६ | मानमती धामी | आ.ना.पा. १० का.पा.स. | ० | [illegible] |
| १७ | सुन्दरी भट्ट | आ.नं.पा. १० | स्वास्थ्य स्वयंसे | सुन्दरी |
| १८ | गोबिन्दव. साउद | स्वास्थ्य स्वा. चौ | सिविइद | [illegible] |
| १९ | सीरुज ताम्राकार | जिल्ला समन्वय समिति, डडेल्धुरा | [illegible] | [illegible] |
| २० | यज्ञराज भट्ट | आ. न. पा. १० | | [illegible] |
| २१ | रवीन्द्र प्रसाद पन्त | कृषि सचिव ज्ञा. न. पा. १० | | [illegible] |
| २२ | हिना विष्ट | अ.न.पा. | पोषण स्वयंसेवक | [illegible] |
| २३ | शिवराजसिंह सौडी | जि.प्र.का. | प्र.सि.डि | [illegible] |
| २४ | गगन बo धामी | पूजालाल | पुष्प | [illegible] |
| २५ | प्रेम ब. ऐरे | अ.न.पा. | पो.सो.नि. | [illegible] |
| २६ | प्रेमसिंह धामी | जि.प्र.का. | प्र.०६ | [illegible] |
| २७ | कैलाश अहराई | जि.स.स | ह.स. चा. | Kailash |
| २८ | गणेश वि. बिष्ट | स्थानीय सहायक अधिकृत | [illegible] | [illegible] |

अनुगमनमा देखिएका सकारात्मक पक्षहरु

- घर धुरी स्तरमा खानेपानी तथा सरसफाईका सुचकहरु सुधार भएको।
- सुनौला १००० दिनका आमाहरुको स्वास्थ्य व्यवहार सम्बन्धमा सुधार भएको छ।
- स्थानिय तह, वडाको अगुवाई र पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको क्रियाशिलता देखियो।
